# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय


# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०७१/७२ को पाँच महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### विस्तृत मुद्रा प्रदाय

१. आर्थिक वर्ष २०७१/७२ को पाँच महिनासम्ममा विस्तृत मुद्राप्रदाय ३.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ७.६ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय ०.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ६.८ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ मंसिर मसान्तमा विस्तृत मुद्राप्रदाय १४.८ प्रतिशत र संकुचित मुद्राप्रदाय १०.० प्रतिशतले बढेको छ ।




२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. २३ अर्ब ३५ करोड (३.९ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ६८ अर्ब २ करोड (१४.५ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा विप्रेषण आप्रवाहको वृद्धिदरमा संकुचन आउनुका साथै आयात समेत उच्च दरले बढेकोले खुद वैदेशिक सम्पत्तिको विस्तारमा कमी आएको हो ।


### कुल आन्तरिक कर्जा

३. आर्थिक वर्ष २०७१/७२ को पाँच महिनासम्ममा कुल आन्तरिक कर्जा ३.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ०.७ प्रतिशतले घटेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ मंसिर मसान्तमा यस्तो कर्जा १७.४ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा उल्लेख्य रुपमा विस्तार भएकोले कुल आन्तरिक कर्जा अघिल्लो वर्षभन्दा केही बढेको हो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा ८.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ४.४ प्रतिशतले मात्र बढेको थियो । वार्षिक विन्दुगत आधारमा निजी क्षेत्रतर्फको कर्जा २०७१ मंसिर महिनामा २३.१ प्रतिशतले बढेको छ ।

### सञ्चित मुद्रा

४. समीक्षा अवधिमा सञ्चित मुद्रा ७.८ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा ७.८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको खुद वैदेशिक सम्पत्तिको विस्तारमा संकुचन आएकोले सञ्चित मुद्रा घटेको हो । वार्षिक विन्दुगत आधारमा भने २०७१ मङ्सिर मसान्तमा उक्त मुद्रा ५.४ प्रतिशतले बढेको छ ।

### बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति




५. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप ४.२ प्रतिशत (रु. ५९ अर्ब ३६ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप ६.८ प्रतिशत (रु. ८० अर्ब २६ करोड) ले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ मङ्सिर मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप १५.६ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा वाणिज्य बैंक र वित्त कम्पनीहरुको निक्षेप क्रमशः ५.५ प्रतिशत र १.८ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको निक्षेप ४.० प्रतिशतले घटेको छ । केही विकास बैंकहरु वाणिज्य बैंकहरुमा मर्ज भएकोले समीक्षा अवधिमा विकास बैंकहरुको निक्षेप घटेको देखिएको हो । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप क्रमशः ६.३ प्रतिशत, १०.५ प्रतिशत र ६.७ प्रतिशतले बढेको थियो ।

### बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

६. आर्थिक वर्ष २०७१/७२ को पाँच महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी ७.७ प्रतिशत (रु. १०० अर्ब ६३ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी ३.३ प्रतिशत (रु. ३७ अर्ब ४२ करोड) ले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक र वित्त कम्पनीहरुको कर्जा तथा लगानी क्रमशः ९.५ प्रतिशत र ३.१ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको कर्जा तथा लगानी १.७ प्रतिशतले घटेको छ । माथि उल्लेख भएझैं केही विकास बैंकहरु वाणिज्य बैंकहरुमा मर्ज भएकोले विकास बैंकहरुबाट प्रवाहित कर्जा तथा लगानी घटेको देखिएको हो । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ८.० प्रतिशत (रु. ८९ अर्ब ४ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ३.६ प्रतिशत (रु. ३३ अर्ब ४३ करोड) ले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ मङ्सिर मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २३.८ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह १०.३ प्रतिशतले बढेको छ भने विकास बैंक र वित्त कम्पनीहरुको कर्जा प्रवाह क्रमशः १.४ प्रतिशत र ०.३ प्रतिशतले घटेको छ ।

७. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. २१ अर्ब ६४ करोड (९.७ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. १४ अर्ब १६ करोडले बढेको थियो । समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. २३ अर्ब ३० करोड (९.५ प्रतिशत) ले, निर्माण क्षेत्रतर्फको कर्जा रु. १३ अर्ब ३७ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको रु. ४ अर्ब ३७ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. १८ अर्ब ४५ करोडले, निर्माण क्षेत्रतर्फको कर्जा रु. ७ अर्ब ६२ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा

रु. १ अर्ब ८२ करोडले बढेको थियो । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिमा कृषि क्षेत्रतर्फको कर्जा रु. २ अर्ब २९ करोड (५.८ प्रतिशत) ले बढेको तुलनामा समीक्षा अवधिमा रु. ४ अर्ब ६६ करोड (९.२ प्रतिशत) ले बढेको छ ।

## तरलता व्यवस्थापन

८. आर्थिक वर्ष २०७१/७२ को पाँच महिनासम्ममा पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् रु. ५५ अर्ब तथा रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु. २२० अर्ब ५० करोडको तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रिभर्स रिपोमार्फत् रु. ६४ अर्ब ५० करोडको तरलता प्रशोचन भएको थियो । चालू आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लेख भए बमोजिम २०७१ भदौ महिनादेखि तरलता प्रशोचन गर्ने नयाँ उपकरणको रुपमा निक्षेप बोलकबोललाई प्रयोगमा ल्याइएको छ ।

९. आर्थिक वर्ष २०७१/७२ को पाँच महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर १ अर्ब ४१ करोड खुद खरिद गरी रु. १३१ अर्ब ६२ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब ३९ करोड खुद खरिद गरी रु. १३९ अर्ब १ करोडको खुद तरलता प्रवाह भएको थियो ।

१०. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ५२ करोड बिक्री गरी रु. १४८ अर्ब ८२ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब २६ करोड बिक्री गरी रु. १२५ अर्ब १८ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

## अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

११. आर्थिक वर्ष २०७१/७२ को पाँच महिनासम्ममा वाणिज्य बैंकहरुले रु. १४० अर्ब ६८ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरुबीच बाहेक) ले रु. ८१ अर्ब ८१ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. ६९ अर्ब ९८ करोड र रु. ५३ अर्ब ६४ करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा स्थायी तरलता सुविधाको भने उपयोग भएको छैन ।


## ब्याजदर

१२. २०७० मङ्सिरको तुलनामा २०७१ मङ्सिरमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर सीमान्त रुपले बढेको छ भने अन्तर-बैंक कारोबारको ब्याजदर सीमान्त रुपले घटेको छ । २०७० मङ्सिरमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.०८ प्रतिशत रहेकोमा २०७१ मङ्सिरमा ०.१२८ प्रतिशत कायम रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७० मङ्सिरमा ०.२० प्रतिशत रहेकोमा २०७१ मङ्सिरमा ०.१५ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७० मङ्सिरमा २.७३ प्रतिशत रहेकोमा २०७१ मङ्सिरमा २.४८ प्रतिशत रहेको छ ।

१३. २०७१ मङ्सिरमा वाणिज्य बैंकहरुको भारित औसत ब्याजदर अन्तर ४.४८ प्रतिशत रहेको छ । अघिल्लो महिना यस्तो ब्याजदर अन्तर ४.४९ प्रतिशत रहेको थियो । त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार ब्याजदर २०७० मङ्सिरको ८.८६ प्रतिशतको तुलनामा २०७१ मङ्सिरमा ७.४४ प्रतिशत कायम हुन आएको छ ।


# धितोपत्र बजार

१४. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा २५.१ प्रतिशतले वृद्धि भई २०७१ मङ्सिर मसान्तमा ९१६.७ विन्दुमा पुगेको छ । सो सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा ५२.४ प्रतिशतले वृद्धि भई २०७० मङ्सिर मसान्तमा ७३३.० विन्दु कायम भएको थियो ।




१५. धितोपत्रको बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा २६.३ प्रतिशतले वृद्धि भई २०७१ मङ्सिर मसान्तमा रु. ९४० अर्ब ९ करोड कायम भएको छ । २०७१ मङ्सिर मसान्तमा कायम बजार पूँजीकरणको आर्थिक वर्ष २०७०/७१ को कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४८.७ प्रतिशत रहेको छ । २०७० मङ्सिर मसान्तमा यस्तो अनुपात ४४.० प्रतिशत रहेको थियो ।

१६. २०७१ मङ्सिर मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको (बीमाकम्पनीहरु सहित) अंश ७७.१ प्रतिशत रहेको छ भने उत्पादन तथा प्रशोधन क्षेत्रको २.४ प्रतिशत, होटलहरूको २.९ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.१ प्रतिशत, जलविद्युत क्षेत्रको ७.५ प्रतिशत र अन्यको ९.९ प्रतिशत रहेको छ ।





१७. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरुको संख्या २०७० मङ्सिर मसान्तसम्ममा २३५ रहेकोमा २०७१ मङ्सिर मसान्तसम्ममा २३१ रहेको छ । सूचीकृत कम्पनीहरुमध्ये १९७ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ६ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

१८. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरुको चुक्ता पूँजी वार्षिक विन्दुगत आधारमा १४.७ प्रतिशतले बढी २०७१ मङ्सिर मसान्तमा रु. १५४ अर्ब ४८ करोड पुगेको छ। चालू आर्थिक वर्षको पाँच महिनासम्ममा रु. ९ अर्ब १ करोड ५० लाख बरावरको साधारण शेयर, रु. ७७ करोड १८ लाख बरावरको हकप्रद शेयर, रु. २ अर्ब ३१ करोड ६१ लाख बरावरको बोनस शेयर गरी कुल रु. १२ अर्ब १० करोड २९ लाख बरावरको धितोपत्र सूचीकृत भएको छ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

१९. आर्थिक वर्ष २०७१/७२ को मङ्सिर महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति १०.३ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क वृद्धिदर ९.८ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क वृद्धिदर ४.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्क क्रमशः १४.५ प्रतिशत र ६.७ प्रतिशतले वृद्धि भएको थियो ।




चार्ट ५: उपभोक्ता मुद्रास्फीति (पांच महिना)

२०. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये सुर्तीजन्य पदार्थ उप-समूहको मूल्य सूचकाङ्कको वृद्धिदर सबैभन्दा बढी अर्थात २३.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ९.९ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ९.६ प्रतिशत र ५.४ प्रतिशतले वृद्धि भएको मदिराजन्य पदार्थ उप-समूह र दाल तथा गेडागुडी उप-समूहको मूल्य सूचकाङ्क समीक्षा अवधिमा क्रमशः १९.४ प्रतिशत र १३.७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा फलफूल उप-समूह र खाद्य तथा खाद्यजन्य पदार्थ उप-समूह दुबैको मूल्य सूचकाङ्कमा १३.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १६.८ प्रतिशत र १२.९ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको मङ्सिर महिनामा १.५ प्रतिशतले बढेको घ्यू तथा तेल उप-समूहको मूल्य सूचकाङ्क समीक्षा अवधिमा ०.४ प्रतिशतले घटेको छ ।

२१. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये लत्ता कपडा तथा जुत्ता-चप्पल उप-समूहको मूल्य सूचकाङ्क सबैभन्दा बढी अर्थात ७.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ११.७ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा स्वास्थ्य उप-समूह र फर्निसिङ्ग तथा घरायसी उपकरण उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः ६.९ प्रतिशत र ६.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ५.७ प्रतिशत र ८.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा अन्य वस्तु तथा सेवा उप-समूह र मनोरञ्जन तथा संस्कृति उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः ६.३ प्रतिशत र ५.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित दुबै उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ८.२ प्रतिशत र ६.० प्रतिशतले वृद्धि भएको थियो ।

२२. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा तराई क्षेत्रको मूल्य सूचकाङ्कमा ७.२ प्रतिशतले वृद्धि भएको छ भने काठमाडौं उपत्यका र पहाड दुबै क्षेत्रहरुको मूल्य सूचकाङ्कमा ६.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा मूल्य सूचकाङ्कहरुको वृद्धिदर तराईमा १०.९ प्रतिशत, काठमाडौं उपत्यकामा १०.७ प्रतिशत र पहाडमा ८.७ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति




२३. आर्थिक वर्ष २०७१/७२ को मङ्सिर महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति दर ६.६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ९.२ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ८.२ प्रतिशतले, स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ६.७ प्रतिशतले र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ३.३ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क १४.१ प्रतिशत, स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ४.२ प्रतिशत र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ३.५ प्रतिशत रहेको थियो ।

### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

२४. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १०.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ११.७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्क ७.६ प्रतिशतले वृद्धि भएको छ भने ज्यालादर सूचकाङ्क ११.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा २६.४ प्रतिशत र ज्यालादर सूचकाङ्कमा ८.५ प्रतिशतले वृद्धि भएको थियो ।

२५. समीक्षा अवधिमा तलब अन्तर्गत निजामती सेवा, शिक्षा र सैनिक तथा प्रहरी बल उप-समूहहरुको तलब सूचकाङ्क क्रमशः ९.७ प्रतिशत, ९.१ प्रतिशत र ८.५ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, ज्यालादर अन्तर्गत औद्योगिक मजदुर, निर्माण मजदुर र कृषि मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः १३.९ प्रतिशत, १३.४ प्रतिशत र ९.५ प्रतिशतले वृद्धि भएको छ ।

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत


२६. आर्थिक वर्ष २०७१/७२ को पाँच महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ४६ अर्ब ६३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ३८ अर्ब ४१ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून रहेकोले सरकारी बजेट बचतमा रहेको हो ।

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६६ वटा शाखाहरुमध्ये ६५ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ वटा शाखाहरुमध्ये ४२ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ९ वटा शाखाहरु, ग्लोबल आईएमई बैंक लिमिटेडका ४ वटा शाखाहरु, नेपाल बंगलादेश बैंक लिमिटेड, एनएमबी बैंक लिमिटेड र बैक अफ काठमाडौको १/१ शाखाहरु र ७९ वटा को.ले.नि.का. तथा भुक्तानी केन्द्रहरुबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

## सरकारी खर्च

२७. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च २३.९ प्रतिशतले वृद्धि भई रु. ११७ अर्ब २१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च १०.३ प्रतिशतले वृद्धि भई रु. ९४ अर्ब ६४ करोड पुगेको थियो । चालू, पूँजीगत र वित्तीय सबै खर्चमा वृद्धि भएको कारण कुल सरकारी खर्चमा वृद्धि भएको हो ।

चार्ट ७ कुल सरकारी खर्च वृद्धिदर (पाँच महिना)





२८. समीक्षा अवधिमा चालू खर्च १४.८ प्रतिशतले वृद्धि भई रु. ९५ अर्ब २८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च ३४.६ प्रतिशतले वृद्धि भएको थियो ।

२९. समीक्षा अवधिमा पूँजीगत खर्च ४९.९ प्रतिशतले वृद्धि भई रु. ८ अर्ब ८० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च १०.३ प्रतिशतले वृद्धि भएको थियो । १८ औं सार्क शिखर सम्मेलनको तयारीको क्रममा भएका विकास निर्माण खर्चको कारण समेत पूँजीगत खर्चको वृद्धिदर बढेको हो ।

## सरकारी राजस्व

३०. आर्थिक वर्ष २०७१/७२ को पाँच महिनासम्ममा नेपाल सरकारको राजस्व २२.७ प्रतिशतले वृद्धि भई रु. १४२ अर्ब ११ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व १९.० प्रतिशतले वृद्धि भई रु. ११५ अर्ब ८४ करोड पुगेको थियो । समीक्षा अवधिमा भन्सार तथा आयकर राजस्वको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको कारण समग्र राजस्वको वृद्धिदरमा विस्तार आएको हो ।

चार्ट ८: राजस्व वृद्धिदर (पाँच महिना)




३१. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व १८.२ प्रतिशतले वृद्धि भई रु. ४६ अर्ब ५१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो वृद्धिदर १८.८ प्रतिशत रहेको थियो ।

३२. समीक्षा अवधिमा भन्सार महसूलबाट प्राप्त हुने राजस्व २४.५ प्रतिशतले वृद्धि भई रु. ३० अर्ब ३७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो राजस्व ६.७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा उच्च भन्सार लाग्ने बस्तुहरुको आयातमा वृद्धि भएको कारण भन्सार राजस्वको वृद्धिदरमा विस्तार आएको हो ।

३३. समीक्षा अवधिमा अन्त:शुल्क राजस्व १९.९ प्रतिशतले वृद्धि भई रु. २१ अर्ब २१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व २०.३ प्रतिशतले वृद्धि भएको थियो ।

३४. समीक्षा अवधिमा आयकर राजस्व २३.१ प्रतिशतले वृद्धि भई रु. १९ अर्ब २९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व १४.३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा आयकर

प्रशासनमा भएको सुधारको प्रभाव एवं करदाता शिक्षा मार्फत जनचेतनामा भएको अभिवृद्धिका कारण आयकर राजस्वमा वृद्धि भएको हो ।

३५. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्व ६.१ प्रतिशतले वृद्धि भई रु. १३ अर्ब ६९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा गैर-कर राजस्व ४७.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकम र लाभांश वापत् सरकारलाई प्राप्त हुने रकम घटेको कारण समग्र गैर-कर राजस्वको वृद्धिदर अघिल्लो वर्षभन्दा कम रहन गएको हो ।


### वैदेशिक नगद ऋण र अनुदान

३६. आर्थिक वर्ष २०७१/७२ को पाँच महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु. ४ अर्ब ८० करोड र वैदेशिक नगद अनुदानवापत रु. ११ अर्ब ९६ करोड प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रु. १० अर्ब र रु. १४ अर्ब ९२ करोड प्राप्त भएको थियो ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

३७. आर्थिक वर्ष २०७१/७२ को पाँच महिनासम्ममा कुल वस्तु निर्यात १.२ प्रतिशतले ह्रास आई रु. ३६ अर्ब ९१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात १३.७ प्रतिशतले बढी रु. ३७ अर्ब ३७ करोड रहेको थियो । मासिक रुपमा हेर्दा चालू आर्थिक वर्षको मङ्सिर महिनामा कुल वस्तु निर्यात कार्तिक महिनाको तुलनामा ५.१ प्रतिशतले बढेको छ ।




३८. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको पाँच महिनासम्मको १७.४ प्रतिशत वृद्धिको विपरीत समीक्षा अवधिमा ५.८ प्रतिशतले घटेको छ । अलैंची, जिङ्क शिट, जुस, जुटका सामान लगायतका वस्तुहरुको निर्यातमा आएको ह्रासका कारण भारततर्फको निर्यात घट्न गएको हो । चीनतर्फको निर्यात भने अघिल्लो वर्षको सोही अवधिमा ८.६ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ३८.५ प्रतिशतको उच्च दरले बढेको छ । प्रशोधित छाला, ऊनी गलैंचा, हस्तकलाका सामान, तयारी पोशाक लगायतका वस्तुहरुको निर्यातमा भएको वृद्धिका कारण समीक्षा अवधिमा चीनतर्फको निर्यात बढेको हो । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिको ८.९ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ४.६ प्रतिशतले मात्र बढेको छ । विशेषतः तयारी पोशाक, पश्मिना, चिया लगायतका वस्तुहरुको निर्यातमा भएको वृद्धिका कारण समीक्षा अवधिमा अन्य मुलुकतर्फको निर्यात केही बढ्न गएको हो । अमेरिकी डलरमा भने अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको ४.४ प्रतिशतले घटेको विपरीत समीक्षा अवधिमा ६.४ प्रतिशतले बढी अमेरिकी डलर १२ करोड ९७ लाख पुगेको छ ।

३९. समीक्षा अवधिमा कुल वस्तु आयात १७.८ प्रतिशतले बढेर रु. ३१८ अर्ब ५२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १९.९ प्रतिशतले वृद्धि भई रु. २७० अर्ब ३५ करोड रहेको थियो । समीक्षा अवधिमा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा आएको ह्रासको कारण पेट्रोलियम आयातको वृद्धिदर न्यून रहेकोले समग्र आयातको वृद्धिदर केही कम रहन गएको हो । मासिक रुपमा हेर्दा मङ्सिर महिनामा कुल वस्तु आयात कार्तिक महिनाको तुलनामा ४.७ प्रतिशतले घटेको छ ।

४०. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको २३.२ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १४.६ प्रतिशतले बढेको छ । भारतबाट मुख्यतयाः एम.एस विलेट, यातायातका साधन तथा पाटपूर्जा, चामल, औषधि, विजुलीका उपकरण लगायतका वस्तुहरुको आयात बढेको कारण त्यसतर्फको आयात बढेको हो । साथै, चीनबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको ५.७ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३९.३ प्रतिशतको उच्च दरले बढेको छ । चीनबाट मुख्यतयाः दूरसञ्चारका उपकरण तथा पाटपूर्जा, अन्य मेशिनरी तथा पाटपूर्जा, रासायनिक मल, भिडियो टेलिभिजन तथा पाटपूर्जा लगायतका वस्तुहरुको आयात बढेको कारण सो मुलुकबाट भएको आयात उच्च दरले बढेको हो । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको १८.९ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १६.३ प्रतिशतले बढेको छ । अन्य मुलुकबाट विशेषगरी चाँदी, दूरसञ्चारका उपकरण तथा पाटपूर्जा, कच्चा पाल्म तेल, अन्य मेशिनरी तथा पाटपूर्जा लगायतका वस्तुहरुको आयात बढेको कारण त्यस तर्फको आयात बढेको हो । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको सोही अवधिमा ४.४ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा १८.१ प्रतिशतले बढ्न गई अमेरिकी डलर ७३ करोड ९ लाख पुगेको छ ।

४१. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा २०.९ प्रतिशतले वृद्धि भई रु. २८१ अर्ब ६१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा २१.० प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये समीक्षा अवधिमा भारत, चीन र अन्य मुलुकसँगको व्यापार घाटा क्रमशः १७.८ प्रतिशत, ३९.३ प्रतिशत र १९.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा भारत, चीन र अन्य मुलुकसँगको व्यापार घाटा क्रमशः २४.२ प्रतिशत, ६.३ प्रतिशत र २१.७ प्रतिशतले बढेको थियो ।


४२. वस्तु आयातको वृद्धिदर उच्च रहेको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात ११.६ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १३.८ प्रतिशत रहेको थियो ।

## शोधनान्तर स्थिति

४३. आर्थिक वर्ष २०७१/७२ को पाँच महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. २३ अर्ब ३५ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. ६८ अर्ब २ करोडले बचतमा रहेको थियो । अघिल्ला महिनाहरुसम्म घाटामा रहेको चालू खाता समीक्षा अवधिमा रु. ३ अर्ब ६१ करोडले बचतमा रहन सकेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. ५० अर्ब ३५ करोडले बचतमा रहेको थियो । वस्तु तथा सेवा आयात उच्च दरले बढ्नु, अनुदान रकम घट्नु र विप्रेषण आप्रवाह न्यून दरले बढ्नु जस्ता कारणहरुले गर्दा चालू खाता समीक्षा अवधिमा न्यून बचतमा रहन गएको हो । समीक्षा अवधिमा अमेरिकी डलरमा शोधनान्तर बचत २३ करोड ५१ लाख डलर रहेको छ भने चालू खाता बचत ३ करोड ४७ लाख डलर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर बचत ६८ करोड ४३ लाख डलर र चालू खाता बचत ५० करोड ६१ लाख डलर रहेको थियो ।

४४. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्षको सोही अवधिमा २१.३ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २१.१ प्रतिशतले वृद्धि भई रु. २७० अर्ब १५ करोड पुगेको छ । समीक्षा अवधिमा खुद सेवा खाता रु. ५ अर्ब ३१ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा खाता रु. ७ अर्ब ६ करोडले बचतमा रहेको थियो । त्यस्तै, खुद ट्रान्सफर आय अघिल्लो वर्षको सोही अवधिको ३८.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा १.३ प्रतिशतले वृद्धि भई रु. २५८ अर्ब ६५ करोड रहेको छ । ट्रान्सफर अन्तर्गत विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिको ३५.३ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २.७ प्रतिशतले मात्र बढी रु. २२७ अर्ब २० करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको सोही अवधिको १८.७ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ४.३ प्रतिशतले वृद्धि भई २ अर्ब ३२ करोड डलर पुगेको छ । मासिक रुपमा हेर्दा विप्रेषण आप्रवाह चालू आर्थिक वर्षको कार्तिक महिनाको तुलनामा मङ्सिर महिनामा १.५ प्रतिशतले बढेको छ । त्यसैगरी, समीक्षा अवधिमा वित्तीय खाता अन्तर्गत रु. ९४ करोड ५६ लाख प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ ।

## विदेशी विनिमय सञ्चिति




४५. २०७१ मङ्सिर मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०७१ असार मसान्तको रु. ६६५ अर्ब ४१ करोडको तुलनामा ५.५ प्रतिशतले वृद्धि भई रु. ७०२ अर्ब १२ करोड पुगेको छ । २०७० मङ्सिर मसान्तमा यस्तो सञ्चिति २०७० असार मसान्तको तुलनामा १७.३ प्रतिशतले बढेर रु. ६२५ अर्ब ४७ करोड रहेको थियो । कुल सञ्चिति मध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७१ असार मसान्तको रु. ५७२ अर्ब ४० करोडको तुलनामा २०७१ मङ्सिर मसान्तमा ३.८ प्रतिशतले वृद्धि भई रु. ५९४ अर्ब २२ करोड पुगेको छ । अमेरिकी डलरमा भने बैंकिङ्ग क्षेत्रको कुल सञ्चिति २०७१ असारदेखि २०७१ मङ्सिर मसान्तसम्ममा १.८ प्रतिशतले बढी अमेरिकी डलर ७ अर्ब ७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति १२.४ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति ११.४ प्रतिशतले वृद्धि भई भा.रु. १०५ अर्ब ८० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति २१.० प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७१/७२ को पाँच महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ११.३ महिनाको वस्तु आयात र ९.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४६. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७० मङ्सिर मसान्तमा प्रति व्यारल अमेरिकी डलर ११०.३० रहेकोमा २०७१ मङ्सिर मसान्तमा ४४.६ प्रतिशतको उच्च दरले ह्रास आई प्रति व्यारल अमेरिकी डलर ६१.०९ पुगेको छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य उच्च दरले ह्रास आउनुमा मूलतः चिनीया, जापानी तथा युरोपियन मुलुकको अर्थतन्त्रमा सुस्तता आउनु, अमेरिका तथा साउदी अरेवियाले उत्पादन बढाउनु र तेल उत्पादन गर्ने राष्ट्रहरुको समूह (OPEC) ले उत्पादन कोटा यथावत राख्ने निर्णय गर्नु आदि प्रमुख कारण रहेका छन् । त्यसैगरी, सुनको मूल्य २०७० मङ्सिर मसान्तमा प्रति आउन्स अमेरिकी डलर १२३४.७५ रहेकोमा २०७१ मङ्सिर मसान्तमा २.१ प्रतिशतले ह्रास आई प्रति आउन्स अमेरिकी डलर १२०९.२५ कायम रहेको छ ।

४७. २०७१ असार मसान्तको तुलनामा २०७१ मङ्सिर मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ३.५ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.१ प्रतिशतले अवमूल्यन भएको थियो । २०७१ मङ्सिर मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ९९.३७ पुगेको छ । २०७१ असार मसान्तमा उक्त विनिमय दर रु.९५.९० रहेको थियो ।